# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २५० | बुटवल | २०८३ असोज ०८, गते बिहीबार | नेपाल संवत ११४६ | Thursday September 24, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



मितव्ययी रुपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउँदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

**चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।**

नेपाल सरकार विज्ञापन बोर्ड


## पौने ३० खर्ब पुग्यो सरकारको ऋण

बुटवल । सरकारले तिर्नुपर्ने सार्वजनिक ऋण पौने ३० खर्ब रुपैयाँ बराबर कायम भएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिना (भदौ मसान्त)सम्म नेपालको सार्वजनिक ऋण २९ खर्ब ७३ अर्ब ५ करोड ९२ लाख बराबर पुगेको छ। सार्वजनिक ऋण असार मसान्तको तुलनामा केही कम हो । असार मसान्तमा २९ खर्ब ८१ अर्ब ७० करोड बराबर थियो ।

सरकारले प्राप्ति गरेको ऋणको तुलनामा भुक्तानी बढी हुँदा कुल सार्वजनिक ऋण सामान्य घटेको हो । भदौ महिनासम्म विनिमय दरमा भएको नोक्सानीका कारण ४३ करोड ६३ लाख ऋण थप भएको छ। यस महिनासम्म कुल आन्तरिक ऋण १३ खर्ब ६१ अर्ब ८७ करोड र बाह्य ऋण १६ खर्ब ११ अर्ब १८ करोड पुगेको छ । जुन कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को आधारमा क्रमशः २०.६३ र २४.४१ प्रतिशत बराबर हो। भदौ महिनासम्म कुल सार्वजनिक ऋण जीडीपीको आधारमा ४५.०५ प्रतिशत हुन आउँछ।

भदौसम्म सरकारले कुल ६१ अर्ब ५ करोड ऋण लिएको छ । यसै अवधिमा ७० अर्ब १३ करोड रुपैयाँ (ब्याजबाहेक)भुक्तानी गरिएको छ । जसले गर्दा समग्र सार्वजनिक ऋण गत आवको असार मसान्तको तुलनामा केही कम भएको हो ।

चालु आर्थिक आवमा सरकारले कुल सार्वजनिक ऋण परिचालनको लक्ष्य ६ खर्ब ५८ अर्ब २८ करोड बराबर राखेको छ। भदौ मसान्तसम्म ६१ अर्ब ५ करोड लिइएको छ। जुन कुल लक्ष्यको ९.२८ प्रतिशत बराबर हो । यस वर्ष आन्तरिक ऋण परिचालनको लक्ष्य ४ खर्ब १० करोड रहेकोमा भदौसम्म ५० अर्ब रुपैयाँ परिचालन गरिएको छ। जुन वार्षिक लक्ष्यको १२.२० प्रतिशत हो । बाह्य ऋण २ खर्ब ४८ अर्ब २८ करोड परिचालनको लक्ष्य राखिएकोमा भदौसम्म ११ अर्ब ५ करोड परिचालन गरिएको छ । जुन वार्षिक लक्ष्यको ४.४५ प्रतिशत बराबर हो ।

आन्तरिक र बाह्य ऋण परिचालनको हिस्सा अध्ययन गर्दा भदौसम्म आन्तरिक ऋण ८१.८९ प्रतिशत र बाह्य ऋण १८.११ प्रतिशत प्राप्ति छ । सरकारले साउनमा २० अर्ब आन्तरिक ऋण परिचालन गरेकोमा भदौमा ३० अर्ब परिचालन गरेको छ। साउन बाह्य ऋण ३ अर्ब ८४ करोड मात्र परिचालन भएकोमा भदौमा ७ अर्ब २१ करोड पुगेको छ।

पहिलो दुई महिनाको खर्च प्रवृत्ति केलाउँदा सरकारको पूँजीगत खर्चको तुलनामा ऋण सेवामा भएको खर्चको हिस्सा निकै माथि छ।

» बाँकी ३ पेजमा

## विज्ञापन बोर्डको अध्यक्षमा श्रेष्ठ



बुटवल । सरकारले विज्ञापन बोर्डको अध्यक्षमा सन्तोष श्रेष्ठलाई नियुक्त गरेको छ । मन्त्रीपरिषद्को असोज २ गतेको निर्णयअनुसार काठमाडौं महानगरपालिका-१४ निवासी श्रेष्ठलाई बढीमा चार वर्षका लागि बोर्डको अध्यक्ष नियुक्त गरिएको हो। नवनियुक्त अध्यक्ष श्रेष्ठले बुधबार सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनासमक्ष पद तथा गोपनीयताको शपथ लिए।

शपथपछि सूचना तथा सञ्चारमन्त्री डा. तिमिल्सिनाले नवनियुक्त अध्यक्ष श्रेष्ठलाई विज्ञापन क्षेत्रको नियमन, व्यवस्थापन र सुधारका लागि परिणाममुखी ढङ्गले काम गर्न निर्देशन दिए । उनले विज्ञापन क्षेत्रलाई व्यवस्थित बनाउन बोर्डले आफ्नो अधिकार र जिम्मेवारीअनुसार प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताए।

सञ्चारमन्त्री तिमिल्सिनाले बोर्डको आवश्यकता, औचित्य र स्वीकार्यता थप स्थापित गर्ने गरी कार्ययोजना बनाएर अघि बढ्नुपर्नेमा जोड दिए। उनले विज्ञापन बोर्डको वर्तमान अवस्था, समस्या, अवसर र सम्भावनाको गम्भीर समीक्षा गरी सुधारका स्पष्ट योजनासहित काम गर्नुपर्ने बताए।

विद्यमान कानुन तथा नियमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु अहिलेको प्रमुख चुनौती रहेको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले बोर्डले आफ्ना कमजोरी पहिचान गरी सुधार गर्नुपर्ने बताए।

लोककल्याणकारी विज्ञापन वितरणलाई समेत वैज्ञानिक, वस्तुनिष्ठ, पारदर्शी र विधिसम्मत बनाउन आवश्यक रहेको उनले बताए । लोककल्याणकारी विज्ञापन वितरणमा पारदर्शिताको विषयमा महालेखापरीक्षकको कार्यालयले समेत प्रश्न उठाउँदै आएको सन्दर्भ उल्लेख गर्दै उनले सार्वजनिक स्रोतको पारदर्शी र प्रभावकारी उपयोग सुनिश्चित गर्नुपर्नेमा जोड दिए।नवनियुक्त अध्यक्ष श्रेष्ठले विज्ञापनसँग सम्बन्धित नीति, ऐन तथा कानुनको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाए। उनले सुशासन र नागरिकलाई सहज सेवा प्रवाहलाई केन्द्रमा राख्दै विज्ञापन क्षेत्र सुधारका लागि नयाँ कार्ययोजना बनाएर अघि बढ्ने बताए। नवनियुक्त अध्यक्ष श्रेष्ठले विज्ञापन क्षेत्रको नियमन, व्यवस्थापन र सञ्चालनलाई प्रभावकारी बनाउन सक्रियतापूर्वक काम गर्ने प्रतिवद्धता व्यक्त गरे।

# तीन दिन भारी वर्षाको सम्भावना

सम्भावित भारी वर्षाका कारण भूक्षय, बाढी, पहिरो तथा गेग्रान बहाव हुने भएकाले शहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम हुनसक्ने चेतावनी दिइएको छ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाल मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले लुम्बिनी र गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाएको छ । महाशाखाले दिएको जानकारी अनुसार असोज ८ गतेदेखि ११ गते आइतबारसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारीदेखि धेरै भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षा हुनसक्ने सम्भावना छ।

त्यस्तै, मधेश, कोशी, बागमती र सुदूरपश्चिम प्रदेशका केही स्थानमा पनि मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा कर्णाली प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । देशका अधिकांश स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्म वर्षा हुनसक्ने पूर्वानुमान छ।

महाशाखाका अनुसार उत्तर अण्डमान सागर र आसपासको क्षेत्रमा विकसित भएको न्यून चापीय क्षेत्र हाल बङ्गालको खाडीको मध्य भू-भाग आसपासमा रहेको छ । उक्त प्रणाली थप शक्तिशाली बन्दै डीप डिप्रेसन (बलियो न्यून चापीय क्षेत्र) का रूपमा पश्चिम-उत्तरपश्चिम दिशातर्फ सर्ने देखिएको छ। यसको प्रभावले बुधबारदेखि कोशी, बागमती र गण्डकी प्रदेशमा वर्षाको गतिविधि बढ्दै जाने महाशाखाले जनाएको छ।

सम्भावित भारी वर्षाका कारण भूक्षय, बाढी, पहिरो तथा गेग्रान बहाव हुने भएकाले शहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम हुनसक्ने चेतावनी दिइएको छ।

ठूला तथा साना नदी, नाला र खोलाहरूमा पानीको सतह बढ्नसक्ने भएकाले दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने महाशाखाले जनाएको छ।

महाशाखाले सर्वसाधारण तथा सम्बन्धित निकायलाई आवश्यक सतर्कता अपनाउन र पूर्वतयारी गर्न अनुरोध गरेको छ । हाल केही स्थानबाट धानबाली भित्र्याउने मौसमसम्बन्धी जानकारी माग भइरहेकाले कृषि विज्ञको सल्लाहअनुसार काम गर्नसमेत आग्रह गरिएको छ।

मौसम प्रणालीको प्रभाव हिमाली भूभागमा समेत पर्ने र भारीसम्म हिमपात हुनसक्ने भएकाले पर्वतारोही तथा सम्बन्धित सबैलाई उच्च सतर्कता अपनाउन पनि मौसम विज्ञान विभागले अनुरोध गरेको छ । विभाग प्रवक्ता विभूति पोखरेलले हिमाली भेगमा स्नो स्ट्रोम (हिम आँधी) जोखिम रहेको भन्दै उच्च सतर्कता आवश्यक रहेको बताइन।

मौसम पूर्वानुमान महाशाखाले उक्त मनसुनी प्रणालीको निरन्तर अनुगमन गरिरहेको जनाएको छ। मौसममा थप परिवर्तन हुनसक्ने भएकाले महाशाखाबाट जारी हुने नियमित तथा अद्यावधिक मौसम सूचना हेर्नसमेत आग्रह गरिएको छ। सम्भावित भारी वर्षा र त्यसबाट निम्तिनसक्ने बाढी तथा पहिरोको जोखिमलाई मध्यनजर गर्दै सरकारले नदीको अवस्था र सम्भावित विपद्को निरन्तर निगरानी गरी सर्वसाधारणलाई घण्टा-घण्टामा पूर्वसूचना (अपडेट) दिने भएको छ।

असोज ८ देखि ११ गतेसम्म देशका अधिकांश भू-भागमा भारी वर्षाको सम्भावना रहेकाले विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको तयारीस्वरूप पूर्वसूचना प्रणालीलाई चुस्त बनाइएको हो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख धर्मराज उप्रेतीकाअनुसार जल तथा मौसम विज्ञान विभाग र बाढी पूर्वानुमान महाशाखासँग निरन्तर समन्वय गरी नदीहरूको जलसतह र जोखिमको अवस्था 'रियल टाइम' मा निगरानी गरिनेछ।

सम्भावित बाढी खतराको तहमा कहिले पुग्छ र त्यसले कस्तो प्रभाव पार्न सक्छ भन्ने प्राविधिक विश्लेषण गरी हरेक घण्टा सूचना अद्यावधिक गरिने उनले जानकारी दिए। नागरिकको मोबाइलमा एसएमएस अलर्ट आउने भएकाले त्यसलाई गम्भीरतापूर्वक हेरिदिनुहुन उनले अनुरोध गरेका छन् । समुन्द्रमा बन्ने ठूलो आँधी (साइक्लोन) प्रणाली र त्यसको दिशा परिवर्तनको सम्भावनालाई प्राधिकरणले प्रत्यक्ष निगरानी गरिरहेको छ। मौसम प्रणाली तीव्र गतिमा फेरिन सक्ने भएकाले उच्च हिमाली क्षेत्रमा भारी हिमपातको सम्भावनालाई मध्यनजर गर्दै 'रेड अलर्ट' जारी गरिएको छ।

मध्यपहाडी र तल्लो तटीय क्षेत्रमा मध्यमदेखि भारी वर्षाको प्रक्षेपण गरिएको छ । यसैलाई ध्यानमा राखी जोखिमयुक्त हिमाली तथा पहाडी क्षेत्रमा रहेका पर्यटकहरूलाई तत्काल सुरक्षित स्थानमा ओर्लिन आग्रह गरिएको छ भने ट्राभल एजेन्सीहरूलाई समेत नयाँ बुकिङ नगर्न र हेलिकप्टर उडानको पूर्वतयारीमा सतर्क रहन एडभाइजरी जारी गरिएको छ। त्यस्तै, विपद्को जोखिम बढेमा राजमार्ग तथा सडकहरूमा सवारी आवागमन पूर्ण रूपमा निषेध गरिन सक्ने प्राधिकरणले जनाएको छ । कार्यकारी प्रमुख उप्रेतीका अनुसार शुक्रबार र शनिबार यात्रुहरूलाई अतिआवश्यक नपरी यात्रा नगर्न र यातायात व्यवसायीलाई पनि सेवा सञ्चालन नगर्न आग्रह गर्ने तयारी गरिएको छ।

पहिरोको सम्भावित जोखिमलाई ध्यानमा राखी देशका मुख्य राजमार्गहरूमा तत्काल सडक खुलाउन डोजरहरू 'स्ट्यान्डबाई' राखिएको छ।

यस्तै, वर्षाले कृषि क्षेत्रमा ठूलो क्षति पुऱ्याउन सक्ने भएकाले खेतमा पाकेको धानबाली र भण्डारण गरिएको अनाज संरक्षणमा विशेष सतर्कता अपनाउन किसानहरूलाई आग्रह गरिएको छ। यस सम्बन्धमा कृषि मन्त्रालयमार्फत् छुट्टै एडभाइजरी समेत जारी भइसकेको छ।

» बाँकी ३ पेजमा

### १७औं विश्व शान्ति मञ्च :

# चार बुँदे लुम्बिनी घोषणापत्रमा के छ ?




बुटवल । लुम्बिनीमा आयोजित तीन दिने १७औं विश्व शान्ति मञ्चले विश्व शान्ति, जलवायु न्याय, प्रविधिको नैतिक प्रयोग र समावेशी कूटनीतिका लागि नयाँ प्रतिबद्धता सार्वजनिक गरेको छ । '२१औं शताब्दीमा शान्तिको पुनर्कल्पना' मूल नारासहित मञ्चले 'लुम्बिनी विश्व शान्ति घोषणापत्र-२०२६ सर्वसम्मत रूपमा पारित गरेको हो।

सेन्जेन पिस फाउन्डेसनकी अध्यक्ष भिकी ह्यान्सेन र लुम्बिनी विश्व शान्ति मञ्चका संस्थापक तथा अध्यक्ष बसु गौतमले बुधबार जारी गरेको संयुक्त घोषणापत्रमा १७औं विश्व शान्ति मञ्च दक्षिण एसियामै पहिलो पटक आयोजना भएको उल्लेख गर्दै यसलाई संस्कृति, राष्ट्र र महादेशलाई शान्तिको साझा अभियानमा जोड्ने ऐतिहासिक अवसरका रूपमा प्रस्तुत गरिएको छ।

घोषणापत्रले वर्तमान विश्वमा बढ्दो भूराजनीतिक तनाव, आणविक हतियारको जोखिम, साइबर खतरा, बढ्दो सामाजिक-आर्थिक असमानता, डिजिटल विभाजन र जलवायु परिवर्तनलाई मानव सभ्यतासामु देखिएका प्रमुख चुनौतीका रूपमा औंल्याएको छ।

यी चुनौती समाधानका लागि बुद्धले प्रतिपादन गरेको मध्यम मार्ग, करुणा, अहिंसा, अन्तरनिर्भरता र सहअस्तित्वको दर्शनलाई समकालीन विश्व शान्तिको आधार बनाउनुपर्नेमा जोड दिइएको छ । घोषणापत्रले परम्परागत सैन्य तथा द्वन्द्वकेन्द्रित सुरक्षा अवधारणाबाट माथि उठेर मानव सुरक्षा, सहकार्यमा आधारित कूटनीति र द्वन्द्व रोकथामलाई प्राथमिकता दिन विश्वका सरकार तथा अन्तर्राष्ट्रिय संस्थालाई आह्वान गरेको छ।

राष्ट्रहरूबिचको टकराव समाधान गर्न खुला संवादका माध्यम विस्तार गर्नुपर्ने भन्दै सरकार, नागरिक समाज र स्थानीय समुदायबीच निरन्तर संवाद आवश्यक रहेको उल्लेख गरिएको छ।

शान्ति निर्माण र निर्णय प्रक्रियामा महिला तथा युवाको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्ने घोषणापत्रको अर्को महत्वपूर्ण प्रतिबद्धता छ।

**जलवायु संकट र शान्ति अन्तर सम्बन्धित**

घोषणापत्रले वातावरणीय विनास, प्राकृतिक स्रोतको अभाव, विस्थापन र द्वन्द्वबीच प्रत्यक्ष सम्बन्ध रहेको उल्लेख गरेको छ । पर्यावरण संरक्षणलाई आधुनिक शान्ति निर्माणको अभिन्न अंगका रूपमा स्वीकार गर्दै हरित पुनर्स्थापना, वन विस्तार, जोखिममा रहेका जलाधार क्षेत्रको संरक्षण तथा जलवायु अनुकूलनका कार्यक्रमलाई तिव्रता दिनुपर्नेमा जोड दिइएको छ।

सीमापार वातावरणीय समस्या समाधानका लागि विभिन्न देशबीच सहकार्य आवश्यक रहेको भन्दै घोषणपत्रमा समुदायस्तरमा भइरहेका वृक्षरोपण, जलवायु अनुकूलन र वातावरण संरक्षणका अभियानलाई व्यापक बनाउन प्रतिबद्धता जनाइएको छ।

**प्रविधिको प्रयोग मानव कल्याणमा केन्द्रित हुनुपर्ने**

विश्वमा कृत्रिम बौद्धिकता (एआई) लगायत नयाँ प्रविधिले मानिसबीचको सम्बन्ध र सामाजिक संरचनामा तीव्र परिवर्तन ल्याइरहेको सन्दर्भमा घोषणापत्रले प्रविधिको प्रयोग मानव कल्याणमा केन्द्रित हुनुपर्नेमा जोड दिएको छ । एआई तथा उदीयमान प्रविधिको विकास र प्रयोगमा आवश्यक नैतिक मापदण्ड तथा सुरक्षा व्यवस्था निर्माण गर्न आह्वान गरिएको छ।

त्यस्तै, विद्यालयदेखि उच्च शिक्षासम्मको पाठ्यक्रममा शान्ति, सहानुभूति, विश्व नागरिकता र आलोचनात्मक सोचको संस्कृति विकास गर्ने शिक्षा समावेश गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ। आगामी पुस्तालाई दिगो शान्ति र सामाजिक सद्भाव निर्माण गर्ने सक्षम नागरिकका रूपमा तयार गर्न शिक्षा महत्वपूर्ण माध्यम हुने घोषणापत्रको निष्कर्ष छ।

**सम्पदा र पर्यटनलाई कूटनीतिक पुल बनाऔं**

लुम्बिनी घोषणापत्रले सांस्कृतिक तथा ऐतिहासिक सम्पदालाई राष्ट्रहरूबीच सम्बन्ध विस्तार गर्ने माध्यमका रूपमा प्रयोग गर्नुपर्नेमा जोड दिएको छ। सम्पदा संरक्षण, अर्थपूर्ण पर्यटन र 'होलिस्टिक डिप्लोमेसी ८८' मार्फत् विभिन्न देश, संस्कृति र समुदायबीच रहेका दुरी घटाउन सकिने उल्लेख गरिएको छ।

त्यसैगरी, शान्ति केवल सरकार र अन्तर्राष्ट्रिय संस्थाको तहबाट मात्र सम्भव नहुने भन्दै स्थानीय समुदायबाटै शान्तिको आधार निर्माण गर्नुपर्नेमा जोड दिइएको छ।

» बाँकी ३ पेजमा


डेंगु लगायत किटजन्य रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजौं र लार्भा नष्ट गरौं अभियान

डेंगु रोग सम्बन्धी जानकारी

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो। यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ। डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन्।

- उच्च ज्वरो आउनु ।
- आँखा र टाउकाको पछाडीको भाग दुख्नु ।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्नु ।
- छालामा बिमिरा आउने ।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने ।



डेंगु संक्रमणबाट बच्ने एक मात्र उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु हो । त्यसैले डेंगुबाट बच्न तलका उपायहरु अपनाऔं।

- लामखुट्टेको वृद्धि बिकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने स्थान पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुल्ला भाँडामा पानी जम्न नदिने ।
- सधैं झुल टाँगेर सुत्न ।
- खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउने ।
- घरको झ्याल ढोकामा जाली हाल्ने ।
- सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गरौं ।
- घर पालुवा पशुपंक्षी व्यबस्थित ढंगले पालौ ।
- डेंगुका लक्षण देखिएमा तत्काल स्वाथ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।

अनुरोधक
रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी नवलपरासी (ब.सु.प) लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनी

## सम्पादकीय

# तानसेनको वैभव फर्काउने उपाय

तानसेन ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक शहर हो । सेनकालमा तानसेन पाल्पा राज्यको राजधानी थियो । नेपाल एकीकरणपछि तानसेनबाट हुँदै आएको पश्चिम नेपालको प्रशासनिक काम राणाकालसम्म कायम रहँदै आयो । त्यसपछि प्रशासनिक केन्द्र विकेन्द्रित हुँदै जाँदा तानसेन ओझेलमा पर्दै गएको हो । कुनै बेलाको तानसेनको वैभवलाई स्थापित गर्न सक्दा यहाँ पर्यटक आगमन बनाउन सकिन्छ । र, यहाँको अर्थतन्त्र चलायमान बनाउन सकिन्छ ।

अहिले तानसेन विगतलाई सम्झने प्रयास गर्दैछ । वर्तमानमा उभिएर विगत कोट्याउँदै भविष्यको बाटो तय गर्ने प्रयासलाई निष्कर्षमा पुऱ्याउन सक्दा तानसेनको भविष्य सुनौलो छ । मध्यकालीन शहरको रूपमा विकास गर्न तानसेनकामा एक छलफल भएको छ । छलफलमा सहभागीहरुको निष्कर्ष छ,– तानसेनको वैभवलाई पुनःस्थापित गर्न ऐतिहासिक र पुरातात्विक धरोहरलाई जोगाएर अघि बढ्नुपर्छ । आधुनिकताले छपक्कै छोप्दा तानसेनको मौलिकता नासिदै गएको छ, तर पुरातात्विक महत्वका विभिन्न संरचनाहरु अझैं बाँकी छन् । धार्मिकस्थल, बस्ती, परम्परा र कला संस्कृति कतिपय जीवित छन् भने कतिपयको भग्नावशेष र अवशेष बाँकी छन् । कतिपय कुनै निशाना नभए पनि पुस्तकमा संग्रहित छन् । भक्तपुर आज बेग्लै पहिचान बोकेको छ । भक्तपुर हेर्न जाने पर्यटकको घुइँचो छ । भक्तपुरका ऐतिहासिक सम्पदा जोगाएर पर्यटन प्रवर्द्धनको योजना बनाएर कार्यान्वयन गर्दा धेरै लाभ लिन सकिन्छ भन्ने एउटा राम्रो उदाहरण हो ।

इतिहास, संस्कृति र प्रकृतिले पनि साथ दिएको तानसेनको मौलिकता जोगाउँदै अघि बढ्दा पर्यटक आगमन बढाउन सकिन्छ । यो पहलकदमी तानसेन नगरपालिकाले लिनुपर्छ । योभन्दा पहिले अहिलेसम्म भएका प्रयास किन पर्याप्त भएनन् ? के-के कमजोरी देखिए ? त्यसबारेमा निर्मम समीक्षा हुनुपर्छ । त्यसो त अहिलेसम्म केही नै भएन् भन्ने पनि होइन्, सम्पदा संरक्षणमा केही काम भएका छन् । भैरवस्थान मन्दिरको जीर्णोद्वार भएको छ । रानीमहलले रूप फेरेको छ । भगवती मन्दिर नयाँ बनाइदैछ ।

सम्पदा जोगाउने अभियानसँगै सम्पदा केन्द्रित पर्यटन प्रवर्द्धन कार्यक्रम अघि बढाउने काम नगरपालिकालको हो । नगरपालिकाले दीर्घकालीन रणनीति बनाएर कार्यक्रम लागु गर्न सक्छ । नगरपालिकाले बनाएका रणनीतिलाई कार्यान्वयन गर्न वर्षेनी संघ, प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन हुन आवश्यक छ । योजना बनाउने, तर कार्यान्वयन नगर्ने प्रवृत्तिबाट अलग राख्दै अघि बढ्दा गर्व गर्न लागि शहर बनाउन संभव छ । पहिले सम्पदाको पहिचान गर्ने, पहिचान भएका सम्पदाको जीर्णोद्वार, मर्मत र संरक्षण गर्ने, ती सम्पदा केन्द्रीत प्रवर्द्धनका कार्यक्रम अघि बढाउने, टुर गाइड व्यवस्थापन गर्ने, पाल्पा आउने पर्यटकका लागि पर्यटकमैत्री वातावरण बनाउने अभियानले साँच्चै तानसेनलाई गर्व गर्न लायक शहर बनाउँछ । तानसेन भन्ने बित्तिकै पहिलेको कोर शहर मात्रै होइन्, यसभित्र रूरूक्षेत्र, रानीमहल, भैरवस्थान, दर्लममहाकाली र मदनपोखरा पनि जोडिनुपर्छ ।

अहिले मुलुकभर पर्यटन प्रवर्द्धनको अभियान चलिरहेको बेला सम्पदा संरक्षण र प्रवर्द्धनको राम्रो अवसर हो । स्थानीय तहको योजना र दृष्टिकोण प्रष्ट हुने बित्तिकै तहगत सरकारको संयोजनमा धेरै काम गर्न सकिन्छ ।

# देश बदल्नुअघि सोंच बदलौँ



शंकर भण्डारी

कुनै देश विकसित हुनु भनेको अग्ला भवनहरू ठडिनु, फराकिला सडक बन्नु, अत्याधुनिक गाडी गुड्नु वा शहरहरू रातभरि झिलिमिली हुनु मात्र होइन । वास्तविक विकास त्यति बेला हुन्छ, जब देशको भौतिक संरचनासँगै त्यहाँका नागरिकको सोच, व्यवहार, संस्कार र सामाजिक चेतना पनि विकसित हुन्छ ।

हामी नेपालमा विकासको कुरा गर्दा प्रायः सडक, पुल, विमानस्थल, विद्युत्, उद्योग, रोजगारी र प्रविधिको चर्चा गर्छौं । यी सबै विकासका अत्यावश्यक आधार हुन् । तर विकासको एउटा अझ गहिरो आधार छ जसलाई हामीले धेरैपटक बेवास्ता गरिरहेका हुन्छौँ-त्यो हो मानिसको सोंच र नागरिक संस्कार ।

कुनै देशको वास्तविक अवस्था त्यहाँका अग्ला भवनले भन्दा बढी त्यहाँका नागरिकले सार्वजनिक स्थानमा गर्ने व्यवहार, अरूको सफलतालाई हेर्ने दृष्टिकोण, नियमप्रतिको सम्मान, फरक विचारप्रतिको सहिष्णुता र आफ्नो जिम्मेवारीप्रतिको चेतनाले देखाउँछ ।

त्यसैले नेपाललाई समृद्ध बनाउने बहस अब केवल भौतिक पूर्वाधार निर्माणमा सीमित हुनु हुँदैन । हामीले मानिसको सोच, सामाजिक व्यवहार र नागरिक संस्कारमा परिवर्तन ल्याउने विषयलाई पनि उत्तिकै गम्भीरताका साथ उठाउनुपर्छ ।

हाम्रो समाजमा एउटा सामान्य दृश्य देखिन्छ - छिमेकीले राम्रो घर बनायो भने उसको खुशीमा खुशी हुनुभन्दा पहिले 'कति पैसा खर्च भयो होला' भन्ने चर्चा सुरु हुन्छ । कसैले नयाँ गाडी वा मोटरसाइकल किन्यो भने बधाई दिनुभन्दा पहिले 'पैसा कहाँबाट आयो होला ?' भन्ने प्रश्न उठ्न सक्छ । कसैले राम्रो लुगा लगायो, राम्रो व्यवसाय सुरु गऱ्यो वा आफ्नो जीवनमा कुनै उपलब्धि हासिल गऱ्यो भने त्यसबाट प्रेरणा लिनुको सट्टा उसको कमजोरी खोज्ने, आलोचना गर्ने वा पछाडि कुरा गर्ने प्रवृत्ति देखिन्छ ।

कतिपय अवस्थामा अरूले जे गरे त्यही गर्नुपर्ने, अरूले जे किने त्यही किन्नुपर्ने र अरूको जीवनसँग आफ्नो जीवन निरन्तर तुलना गरिरहनुपर्ने प्रवृत्ति पनि बढिरहेको छ । यी कुरा व्यक्तिगत व्यवहारजस्ता देखिए पनि वास्तवमा यसले हाम्रो सामाजिक मानसिकताको एउटा पक्ष देखाउँछ । प्रश्न यो होइन कि नेपालका सबै मानिस यस्तै छन् । नेपालमा अत्यन्त सहयोगी, उदार, मेहनती र सकारात्मक सोच भएका असंख्य मानिस छन् । प्रश्न चाहिँ यो हो कि हाम्रो समाजमा ईर्ष्या, तुलना, देखासिकी, पछाडि कुरा गर्ने र अरूको सफलतालाई सहज रूपमा स्वीकार गर्न नसक्ने प्रवृत्तिहरू किन कतिपय अवस्थामा सामान्यजस्ता देखिन थालेका छन् ?

यसको उत्तर एउटै कारणमा खोज्न सकिँदैन । यसको पछाडि आर्थिक असमानता, सीमित अवसर, सामाजिक तुलना, भविष्यप्रतिको असुरक्षा, लामो समयदेखि चलेका सामाजिक संस्कार, शिक्षा प्रणाली, परिवारको वातावरण, राजनीतिक संस्कृति र समाजमा रहेको विश्वासको स्तरजस्ता धेरै पक्ष जोडिएका छन् ।

जहाँ अवसर सीमित हुन्छन् र मानिसहरू सुरक्षित भविष्यका लागि संघर्ष गरिरहेका हुन्छन्, त्यहाँ प्रतिस्पर्धा कहिलेकाहीँ स्वस्थ प्रेरणाभन्दा अस्वस्थ तुलना बन्न सक्छ । मानिसले अर्काको सफलता आफ्नो अवसर खोसिएको रूपमा बुझ्न थाल्न सक्छ । 'उसले पायो भने मैले पाइनँ' भन्ने सोच विस्तारै बलियो हुन सक्छ । त्यसपछि अर्काको सफलता खुशीको विषय नभई आफ्नो असन्तुष्टिको कारण बन्न थाल्छ ।

यही मानसिकताबाट ईर्ष्या, आलोचना, पछाडि कुरा गर्ने प्रवृत्ति र देखासिकी जन्मिन सक्छ । तर यहाँ एउटा कुरा स्पष्ट रूपमा बुझ्न आवश्यक छ-आर्थिक रूपमा कमजोर हुनु र सोचमा कमजोर हुनु एउटै कुरा होइन । संसारमा आर्थिक रूपमा सामान्य जीवन बिताउने तर विचार, संस्कार र मानवतामा अत्यन्त समृद्ध मानिसहरू छन् । त्यसैले समाजको मानसिक अवस्थालाई केवल धनी र गरिबको विभाजनमा बुझ्नु उचित हुँदैन ।

हाम्रो सामाजिक संस्कारमा 'अरूले के भन्छन्' भन्ने प्रश्नको प्रभाव पनि अत्यन्त गहिरो छ । मानिसले आफ्नो क्षमता, आवश्यकता र रुचिभन्दा बढी समाजको दृष्टिकोणलाई महत्त्व दिन थाल्दा जीवन आफूसँगको यात्रा नभएर अरूसँगको प्रतिस्पर्धा बन्न पुग्छ । कसैको छोरा विदेश गयो भने आफ्नो छोरालाई पनि विदेश पठाउनुपर्ने दबाव, कसैले महँगो गाडी किनेपछि आफूले पनि त्यस्तै गाडी किन्नुपर्ने मानसिकता, कसैले ठूलो घर बनाएपछि आफूले पनि त्यस्तै घर बनाउनुपर्ने सोच - यी सबै सामाजिक तुलना र प्रतिष्ठाको धारणासँग जोडिएका छन् ।

सामाजिक सञ्जालले पनि यो प्रवृत्तिलाई अझ तीव्र बनाएको छ । मानिसले अरूको जीवनको राम्रो पक्ष मात्र देख्छ र त्यसलाई आफ्नो सम्पूर्ण जीवनसँग तुलना गर्छ। परिणामस्वरूप असन्तुष्टि बढ्न सक्छ । तर स्वस्थ समाजले अर्को बाटो देखाउँछ - अरूको सफलता आफ्नो हार होइन । छिमेकीले राम्रो घर बनाउनु मेरो घर सानो भएको प्रमाण होइन । साथी सफल हुनु मेरो असफलताको प्रमाण होइन । बरु अरूको सफलता एउटा सम्भावना हो जसबाट सिक्न सकिन्छ, प्रेरणा लिन सकिन्छ र अझ राम्रो गर्ने हौसला प्राप्त गर्न सकिन्छ । यही सोचले व्यक्तिलाई मात्र होइन, सम्पूर्ण समाजलाई अगाडि बढाउँछ ।

यहीँबाट हामी विकसित समाजका नागरिक संस्कारबारे पनि सोच्न सक्छौँ । विकसित देशका सबै मानिस असल हुन्छन्, त्यहाँ ईर्ष्या हुँदैन, अपराध हुँदैन वा कसैले कसैलाई आलोचना गर्दैन भन्ने धारणा सही होइन । त्यहाँ पनि मानवीय कमजोरीहरू छन्, सामाजिक समस्या छन् र विभेदका विभिन्न रूपहरू छन् ।

फरक यति हो कि धेरै विकसित समाजमा नियम, संस्था, शिक्षा, सामाजिक विश्वास र नागरिक जिम्मेवारीका संरचनाहरू तुलनात्मक रूपमा बलिया हुन्छन् । बाल्यकालदेखि नै सार्वजनिक स्थान व्यक्तिगत सम्पत्ति होइन भन्ने कुरा व्यवहारबाट सिकाइन्छ । आफ्नो अधिकारसँगै अरूको अधिकार पनि सम्मान गर्नुपर्छ भन्ने चेतना विकास गरिन्छ । लाइनमा बस्नु, यातायातका नियम पालना गर्नु, सार्वजनिक स्थान सफा राख्नु, अरूलाई अनावश्यक बाधा नपुऱ्याउनु र आफ्नो कामको जिम्मेवारी आफैँ लिनु केवल कानुनी बाध्यता नभएर सामाजिक संस्कारको हिस्सा बन्छ ।

त्यहाँ मानिसलाई नियम पालना गराउन हरेक क्षण प्रहरीको उपस्थिति आवश्यक नपर्न सक्छ, किनकि नियमप्रतिको सम्मान विस्तारै नागरिक संस्कार बनेको हुन्छ । त्यसैले विकास केवल प्रविधि र पूर्वाधारको परिणाम होइनस विश्वास, अनुशासन, जिम्मेवारी र सहकार्यको लामो अभ्यासको परिणाम पनि हो ।

नेपालमा भने हामी कहिलेकाहीँ ठूला सपना र साना व्यवहारबीच ठूलो दूरी बनाइरहेका हुन्छौँ । हामी आधुनिक नेपाल चाहन्छौँ, तर सडकमा जथाभावी फोहोर फाल्न हिच्किचाउँदैनौँ । सफा शहर चाहन्छौँ, तर आफूले प्रयोग गरेको वस्तु सार्वजनिक स्थानमै फालिदिन्छौँ । राम्रो यातायात व्यवस्था चाहन्छौँ, तर आफ्नो पालो कुर्न कठिन मान्छौँ । सभ्य समाज चाहन्छौँ, तर आफूभन्दा फरक विचार राख्ने मानिसलाई तुरुन्तै अपमान गर्न खोज्छौँ । सुशासन चाहन्छौँ, तर व्यक्तिगत फाइदाका लागि नियम मिच्ने अवसर खोज्छौँ ।

यी विरोधाभासहरू केवल व्यक्तिको कमजोरी होइनन्, यिनले हाम्रो नागरिक संस्कार निर्माणको यात्रामा अझै धेरै काम गर्न बाँकी रहेको देखाउँछन् । सार्वजनिक स्थान सरकारको मात्र होइन, नागरिकको पनि हो । सडकमा फालिएको एउटा सानो फोहोरले हाम्रो विकास बजेटलाई होइन, हाम्रो चेतनालाई प्रश्न गर्छ । सार्वजनिक सम्पत्ति बिगार्दा हामीले राज्यलाई मात्र क्षति पुऱ्याएका हुँदैनौँ, अन्ततः आफ्नै समाजलाई क्षति पुऱ्याइरहेका हुन्छौँ ।

राजनीतिक संस्कारमा पनि यही कुरा लागू हुन्छ । हामी भ्रष्टाचारको विरोध गर्छौँ, तर आफ्नो नजिकको मानिसले नियम तोड्दा त्यसलाई बचाउन खोज्छौँ । हामी निष्पक्षता चाहन्छौँ, तर आफूलाई फाइदा हुने अवस्थामा पक्षपातलाई सामान्य ठान्छौँ । हामी परिवर्तन चाहन्छौँ, तर परिवर्तनको जिम्मेवारी अरू कसैको हो भन्ने सोच राख्छौँ ।

लोकतन्त्र केवल मतदान गर्ने दिनको अधिकार होइन, लोकतन्त्र दैनिक जीवनको नागरिक संस्कार पनि हो । फरक विचार सुन्न सक्नु, असहमति स्वीकार गर्न सक्नु, प्रश्न गर्न सक्नु, तथ्यका आधारमा धारणा बनाउन सक्नु र आफूलाई मन नपर्ने व्यक्तिको अधिकारलाई पनि सम्मान गर्न सक्नु लोकतान्त्रिक समाजका आधार हुन् ।

यदि हाम्रो नागरिक संस्कार पुरानै रह्यो भने नयाँ नेता, नयाँ दल वा नयाँ सरकार आए पनि पुराना समस्याहरू नयाँ स्वरूपमा दोहोरिन सक्छन् । राजनीतिक परिवर्तन दिगो बन्न सामाजिक सोचमा पनि परिवर्तन आवश्यक हुन्छ ।

त्यसैले अब नेपालमा विकासको बहसको दायरा फराकिलो बनाउन आवश्यक छ । हामीले केवल 'कति किलोमिटर सडक बन्यो ?' भनेर होइन, 'कति जिम्मेवार नागरिक बन्यौँ ?' भनेर पनि सोध्नुपर्छ । विद्यालयले केवल परीक्षा र अंकका लागि विद्यार्थी तयार गर्ने होइन, जिम्मेवार नागरिक बनाउन पनि भूमिका खेल्नुपर्छ । परिवारले केवल पढाइ, जागिर र करियरको कुरा गर्ने होइन, अरूलाई सम्मान गर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, नियम पालना गर्ने, असफलताबाट सिक्ने र अरूको सफलतामा खुशी हुन सक्ने संस्कार पनि सिकाउनुपर्छ ।

राज्यले निष्पक्ष नियम बनाउने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण निर्माण गर्नुपर्छ । सञ्चारमाध्यम र समाजले पनि नकारात्मकता मात्र होइन, इमानदारी, मेहनत, सहकार्य र सकारात्मक नागरिक व्यवहारका उदाहरणहरूलाई प्रोत्साहन गर्नुपर्छ । किनकि राम्रो नागरिक संस्कार भाषणबाट मात्र निर्माण हुँदैन, त्यो निरन्तर अभ्यासबाट निर्माण हुन्छ । बच्चाले घरमा जे देख्छ, विद्यालयमा जे सिक्छ र समाजमा जे सामान्य देख्छ, त्यहीँबाट उसको सामाजिक चेतना निर्माण हुँदै जान्छ ।

सबैभन्दा ठूलो परिवर्तन भने हाम्रो आफ्नै दृष्टिकोणमा आउनुपर्छ । कसैले राम्रो गरेमा उसको सफलता घटाउने होइन, त्यसबाट प्रेरणा लिने संस्कार विकास गर्नुपर्छ । कसैले हामीभन्दा अगाडि बढ्दा उसलाई तल तान्ने होइन, आफू पनि अगाडि बढ्ने बाटो खोज्नुपर्छ ।

अरूको जीवनसँग निरन्तर तुलना गरेर आफ्नो मूल्य निर्धारण गर्नुको सट्टा हिजोको आफूभन्दा आजको आफू राम्रो बनाउने प्रयास गर्नुपर्छ । समाजमा हरेक मानिसको यात्रा फरक हुन्छ भन्ने कुरा स्वीकार गर्नुपर्छ । सफलता केवल पैसा, घर, गाडी वा पदको नाम होइनस इमानदारी, ज्ञान, चरित्र, जिम्मेवारी र अरूको जीवनमा सकारात्मक प्रभाव पार्ने क्षमता पनि सफलता हो । हामीले अरूको उपलब्धिलाई आफ्नो आत्मसम्मानमाथिको खतरा होइन, समाजको सामूहिक प्रगतिको एउटा खुड्किलोका रूपमा हेर्न सिक्यौँ भने हाम्रो सामाजिक वातावरण आफैँ परिवर्तन हुन थाल्नेछ ।

नेपाल बदल्ने जिम्मेवारी केवल सरकारको काँधमा राखेर हामी उम्किन सक्दैनौँ । सरकारको भूमिका ठूलो छ, राजनीतिक नेतृत्वको भूमिका महत्त्वपूर्ण छ, तर नागरिकको भूमिका पनि त्यत्तिकै निर्णायक छ । देश निर्माण संसद्को बैठकमा मात्र हुँदैन, त्यो घरको आँगनमा, विद्यालयको कक्षाकोठामा, कार्यालयको व्यवहारमा, सडकको अनुशासनमा र सार्वजनिक स्थानप्रतिको हाम्रो जिम्मेवारीमा पनि हुन्छ ।

हामीले आज एउटा फोहोर नफाल्ने निर्णय गर्‍यौँ भने त्यो सानो कदम हो । अरूको सफलतामा ईर्ष्या नगरी मनदेखि बधाई दियौँ भने त्यो सानो कदम हो । आफ्नो पालो कुर्न सिक्यौँ भने त्यो सानो कदम हो । फरक विचारलाई सम्मान गर्न सिक्यौँ भने त्यो सानो कदम हो । गल्ती हुँदा अरूलाई दोष दिनुको सट्टा आफ्नो जिम्मेवारी स्वीकार गर्‍यौँ भने त्यो पनि सानो तर महत्त्वपूर्ण कदम हो । यस्ता करोडौँ साना कदमहरू एक ठाउँमा जोडिए भने त्यहीँबाट ठूलो सामाजिक परिवर्तन जन्मिन्छ ।

परिवर्तनको सुरुआत कुनै ठूलो घोषणाबाट हुनुपर्दैन । घरको ढोकाबाट बाहिर निस्कँदा फोहोर सही ठाउँमा राख्ने, बाटोमा हिँड्दा अरूको अधिकार सम्झने, सार्वजनिक ठाउँमा संयमित हुने, कसैको उपलब्धिमा खुलेर खुशी हुने र गल्ती हुँदा स्वीकार गर्ने बानीबाटै यसको सुरुवात हुन्छ । यस्ता व्यवहार साना लाग्छन्, तर राष्ट्रको चरित्र यिनै साना अभ्यासबाट बन्छ ।

जब नागरिकले आफ्नो कर्तव्यलाई अधिकारजत्तिकै महत्त्व दिन थाल्छ, तब समाजमा विश्वास बढ्छ, सहकार्य बलियो हुन्छ र विकासको गति पनि दिगो बन्छ । एउटा परिवारमा शुरु भएको राम्रो संस्कार विस्तारै टोल हुँदै समाज र राष्ट्रसम्म पुग्न सक्छ । एउटा पुस्ताले सुरु गरेको सकारात्मक परिवर्तन अर्को पुस्ताको सामान्य संस्कार बन्न सक्छ । त्यसैले हामीले आज गर्ने व्यवहारले भोलिको नेपालको सामाजिक चरित्र निर्धारण गर्नेछ ।

अन्ततः नेपाललाई केवल नयाँ सडक, नयाँ भवन र नयाँ प्रविधि होइन, नयाँ सोच भएका नागरिकहरू चाहिएका छन् । हामीले समृद्धिको अर्थ केवल आफू धनी हुने होइन, आफ्नो वरिपरिका मानिससँग मिलेर अघि बढ्ने समाज निर्माण गर्नु पनि हो भन्ने बुझ्नुपर्छ ।

देशको वास्तविक शक्ति उसका प्राकृतिक स्रोतमा मात्र होइन, नागरिकको चरित्र, चेतना र जिम्मेवारीमा पनि हुन्छ । त्यसैले नेपाल परिवर्तन गर्ने सबैभन्दा ठूलो परियोजना कुनै एउटा भवन, पुल वा सडक होइन-मानिसको सोच परिवर्तन गर्ने परियोजना हो ।

हामी अरू बदलियोस् भनेर पर्खिरह्यौँ भने परिवर्तन सधैँ टाढा रहनेछ । तर हरेक नागरिकले 'परिवर्तन अरूबाट होइन, मबाट शुरु हुन्छ' भन्ने भावना बोकेर अघि बढ्यौं भने नेपाल बदलिन धेरै समय लाग्दैन ।

हामीले अरूलाई सम्मान गर्ने, अरूको सफलतामा खुशी हुने, सार्वजनिक सम्पत्तिलाई आफ्नै सम्पत्तिजस्तो संरक्षण गर्ने, नियमलाई बाध्यता होइन जिम्मेवारीका रूपमा स्वीकार गर्ने र फरक विचारलाई शत्रुता होइन विविधताका रूपमा हेर्ने संस्कार विकास गर्न सके मात्र समृद्धिको सपना वास्तविकतामा बदलिनेछ । देश बदल्नुअघि सोच बदलौँ । किनकि सडकले देशलाई जोड्छ, तर सोचले समाजलाई जोड्छ । भवनले शहरलाई ठूलो बनाउँछ, तर चेतनाले राष्ट्रलाई ठूलो बनाउँछ ।

उज्यालोबाट

# शेयर बजार ३६.२५ अंकले घट्यो



काठमाडौं । सरकारले घोषणा गरेको पुँजीबजार पुँजी बजार सुदृढीकरण तथा पुनरुत्थान कार्ययोजनाले उचालेको शेयर बजार फेरि घट्न थालेको छ । बुधबार बजार परिसूचक ३६.२५ अंकले घटेर २,६१८.०३ बिन्दुमा ओर्लिएको हो ।

अर्थ मन्त्रालयले भदौ २९ गते यस्तो कार्ययोजना ल्याएको थियो । बजेटमार्फत् बढाक्इएको पुँजीगत लाभकर घटाउने समेत निर्णयसहित ल्याइएको कार्ययोजनाले बजारलाई उकाल्न सहयोग पुगेको थियो । पछिल्लो साता दिनको कारोबारमा मात्रै बजार १३० अंक भन्दा धेरैले बढेको थियो ।

कार्ययोजना आउने हल्लाका कारण त्यसको केही दिन अघिदेखि नै लगानीकर्ताहरू उत्साहित बनेका थिए, जसका कारण बजारमा राम्रो बढोत्तरी देखिएको थियो ।

बुधबार बजारमा गिरावट आए पनि कारोबार रकम भने करिब साढे ६ अर्ब रुपैयाँ हाराहारीमा सीमित भएको छ। दिनभर भएका ५७ हजार ९४७ पटकका कारोबारबाट कुल ३५२ वटा कम्पनीका २ करोड १६ लाख कित्ता सेयर किनबेच भयो । यसबाट कुल ६ अर्ब ३५ करोड रुपैयाँ बराबरको कारोबार भएको छ ।

कारोबारमा बजारमा अत्यधिक बिक्री चाप हाबी भएको देखिन्छ । बजारमा २३ वटा कम्पनीको सेयर मूल्य बढेको छ । २५३ वटा कम्पनीको सेयर मूल्यमा गिरावट आएको छ भने २ वटा कम्पनीको सेयर मूल्य अपरिवर्तित रहेको छ ।

बजारमा धौलागिरि लघुवित्तको शेयरमा १५ प्रतिशत वृद्धिसहित सकारात्मक सर्किट लाग्नुबाहेक अन्य स्क्रिपहरुमा उल्लेख्य वृद्धि हुन सकेन । सबैभन्दा धेरै घट्ने फर्स्ट माइक्रोफाइनान्सको शेयर ८ प्रतिशत मात्रै गिरावट आएको छ ।

समूहगत रुपमा हेर्दा जीवनबिमा समूहमा २.४ प्रतिशतको सर्वाधिक गिरावट हुँदा बैंकिङसहितका ९ समूह एक प्रतिशत भन्दा धेरैले घटेको छ । बजारमा आज शिवम् सिमेन्टको सर्वाधिक ३३ करोडको कारोबार भयो ।

# मधुमेहका बिरामीले कुन फलफूल खाने, कुन नखाने ?

काठमाडौँ । मधुमेह (डायबिटिज) का बिरामीले खानपानमा ध्यान दिनु धेरै जरुरी हुन्छ । विशेष गरी गुलियो खानेकुरा र फलफूलको कुरा आउँदा धेरैको मनमा प्रश्न उठ्छ- धेरै गुलियो खाँदा मधुमेह हुन्छ ?

मधुमेहमा कुन फलफूल खान मिल्छ ? कुन फलफूलले ब्लड सुगर छिटो बढाउँछ ? यति मात्र होइन, धेरैले मह र खुदो (सख्खर/गुँड) लाई चिनीभन्दा सुरक्षित मान्ने गर्छन् । यस्तो अवस्थामा स्वादसँगै स्वास्थ्यको पनि ख्याल राख्न यी प्रश्नको उत्तर जान्नु आवश्यक छ ।

**धेरै गुलियो खाँदा मधुमेह हुन्छ त ?**

धेरै गुलियो खाँदा मधुमेह हुन्छ भन्ने मान्यतालाई डाक्टरहरु एउटा ठुलो भ्रम मान्छन् । गुलियो भनेको एउटा जोखिम कारक (रिस्क फ्याक्टर) मात्र हो, यदि कोही व्यक्ति मधुमेह वा प्रि-डायबिटिकको अवस्थामा छैन भने उसले आरामले गुलियो खान सक्छ । प्रि-डायबिटिक अवस्थाका व्यक्तिले भने गुलियो खानबाट बच्नुपर्छ ।

मधुमेह धेरै कुरामा निर्भर हुन्छ । पहिलो कारण डीएनएमा हुने आनुवंशिक (जेनेटिक) गुण हो, जसले पछि गएर मधुमेहको कारण बन्न सक्छ । दोस्रो, शरीरको मेटाबोलिजम (पाचन प्रक्रिया) कस्तो छ भन्ने कुराले पनि असर गर्छ । मेटाबोलिजम सुस्त छ भने मधुमेह हुने सम्भावना रहन्छ ।

तेस्रो, शारीरिक व्यायामको मात्राले पनि ठुलो अर्थ राख्छ । यस्ता धेरै कारण छन् जसले मधुमेह बढाउन सक्छन् ।

**मधुमेहमा कुन फलफूल खानु फाइदाजनक ?**

मधुमेहका बिरामीले फलफूल खान मिल्ने डाक्टर बताउँछन् । यसका लागि एउटा सूत्र सुझाइएको छ ।

तपाईं जुनसुकै फलफूल खानुहोस्, तर त्यसको ग्लाइसेमिक इन्डेक्स जाँच गर्नुहोस् । यसका लागि गुगलको सहयोग लिन सकिन्छ, जस्तै स्याउ खानु छ भने गुगलमा ग्लाइसेमिक इन्डेक्स अफ एप्पल लेखेर खोज्नुहोस् ।

यदि कुनै फलफूलको ग्लाइसेमिक इन्डेक्स ९० भन्दा माथि छ भने त्यसले सुगर बढाउँछ । ९० भन्दा तल ग्लाइसेमिक इन्डेक्स भएका फलफूल भने आरामले खान सकिने उनको सुझाव छ । अम्बा, नासपाती, अङ्गुर, स्ट्रबेरी जस्ता फलफूल खान सकिन्छ । यी सबै फलफूलको ग्लाइसेमिक इन्डेक्स ७० भन्दा तल हुन्छ ।

**फलफूल खाने सही समय कुन हो ?**

आयुर्वेदका अनुसार सूर्योदयभन्दा अघि र सूर्यास्तपछि फलफूल खानु हुँदैन । दिउँसोको समयमा भने मज्जाले फलफूल खान सकिन्छ ।

तर, मधुमेहका बिरामीले फलफूलको जुस नपिउनु नै बेस हुन्छ । जुस सिधैँ रगतमा गएर मिसिने हुँदा यसले सुगरको मात्रा ह्वात्तै बढाउँछ । जुसको सट्टा सिङ्गै फलफूल खाँदा शरीरले फाइबर प्राप्त गर्ने उनले जानकारी दिए ।

गुलिया फलफूल पूर्ण रूपमा छोड्नुपर्छ भन्ने पनि होइन । ब्लड सुगर लेभल नियन्त्रणमा छ भने गुलिया फलफूल पनि आरामले खान सकिन्छ ।

**मह र सख्खर (गुँड) कति सुरक्षित ?**

महमा सुगरको मात्रा निकै उच्च हुने भएकाले मधुमेहका बिरामीले यसको सेवन नगर्नु नै बेस हुन्छ । सख्खर (गुँड) खाँदा पनि मधुमेहमा असर पर्छ । मह र सख्खर दुवैमा सुगरको मात्रा उच्च हुने भएकाले मधुमेहका बिरामीले यी कुरा नखान डाक्टर दिन्छन् ।

**गुलियो खाने तलतल कसरी रोक्ने ?**

मधुमेहका बिरामीलाई गुलियो खाने इच्छा धेरै हुन सक्छ । यसलाई रोक्न खानामा प्रोटिन र फाइबरको मात्रा बढाउन डाक्टर सल्लाह दिन्छन् । प्रशस्त फलफूल खाँदा पनि सुगरको तलतल (क्रेभिङ) आउँदैन ।

(अस्वीकरण : यो सामग्री सामान्य जानकारीका लागि अनलाइन स्रोतबाट तयार पारिएको हो ।)

# बुद्धनगर सामुदायिक वनको साधारणसभा



देवदह । बुद्धनगर सामुदायिक वन उपभोक्ता समुह देवदह-९, को २४औं बार्षिक साधारण सभा सम्पन्न भएको छ। समूहका अध्यक्ष जीवलाल रेग्मीको अध्यक्षता र डिभिजन वन कार्यालय रुपन्देहीका प्रमुख प्रविन विडारीको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रमा समूहका अध्यक्ष रेग्मीले वार्षिक प्रगतिसंगै आर्थिक वर्ष २०८३/०८४ को लागि योजना समेत प्रस्तुत गरेका थिए । अध्यक्ष रेग्मीले आर्थिक वर्ष २०८३/०८४ को लागि वन विकासतर्फ १४ लाख, गरिबी न्यूनिकरण तथा आयआर्जनतर्फ ५ लाख ५२ हजार, सामुदायिक विकासतर्फ ४ लाख ७५ हजार, संस्थागत तथा प्रशासनिक तर्फ २ लाख ८५ हजार १६१ रुपैयाँ गरी २७ लाख १२ हजार १६१ बराबरको योजना प्रस्तुत गरेका थिए।

सो अवसरमा बोल्दै डिभिन वन कार्यालय रुपन्देहीका प्रमुख विडारीले सामुदायिक वनलाई आयआर्जनसंग जोड्नु पर्नेमा जोड दिए। प्रमुख विडारीले सरकारले अगाडि सारेको दीगो वन व्यवस्थापनको नीति अवलम्बन गरेकोले वनको विकाससंगै वनलाई उद्यमसंग जोड्नसके आर्थिक विकास गर्न सकिने बताए।

कार्यक्रममा देवदह नगरपालिका, कार्यपालिका सदस्य लक्ष्मी विक, गाउँ वन समन्वय सञ्जाल रुपन्देहीका अध्यक्ष खेमनारायण अधिकारी, उपभोक्ता घनश्याम खरेललगायतले आ-आफ्ना भनाइ राखेका थिए।

कार्यक्रममा समूहका कोषाध्यक्ष पूर्णिमा गुरुङले आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । समूहका उपाध्यक्ष नरबहादुर मगरको स्वागत र सचिव गंगा खरेलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

**तीन दिन ...**

प्राधिकरणले बाढीको समयमा भिडियो खिच्न, टिकटक बनाउन वा सामाजिक सञ्जालमा सामग्री राख्न आफ्नै ज्यान जोखिममा नपार्न सर्वसाधारणलाई कडा चेतावनी दिएको छ।

बाढीले बगाएर ल्याएका दाउरा वा अन्य सामग्री संकलन गर्न खोलामा पस्ने प्रवृत्ति जोखिमपूर्ण हुने भन्दै यस्ता गतिविधि नगर्न उप्रेतीले आग्रह गरे।

हाल देशभरका सुरक्षा निकायलाई 'हाई अलर्ट' मा राखिनुका साथै ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी (सीडीओ) हरू सम्मिलित कमाण्ड पोस्टमार्फत् मौसमी अवस्थाको प्रत्यक्ष निगरानी र प्रतिकार्यको तयारी तीव्र पारिएको छ।

**पौने ३०...**

सरकारले भदौसम्म सार्वजनिक ऋण भुक्तानीमा ८५ अर्ब १ करोड ६ लाख खर्च गरेको छ। जबकी पूँजीगत खर्चमा ७ अर्ब ६६ करोड रुपैयाँ मात्र खर्च भएको छ। यस वर्ष सार्वजनिक ऋण सेवा खर्चमा सरकारले ४ खर्ब १७ अर्ब ८८ करोड रुपैयाँ बराबर रकम विनियोजन गरेको छ।

भदौ मसान्तसम्म तिरेको रकम कुल विनियोजनको २०.३४ प्रतिशत हो । जीडीपीका आधारमा यो रकम १.२९ प्रतिशत हो। भदौसम्म आन्तरिक ऋणको साँवा भुक्तानी ६३ अर्ब ५४ करोड र ब्याज भुक्तानी १३ अर्ब २५ करोड भइसकेको छ। बाह्य ऋणको साँवा भुक्तानी ६ अर्ब ५९ करोड र ब्याज भुक्तानी १ अर्ब ६१ करोड बराबर भएको छ। कुल साँवा भुक्तानी ७० अर्ब १३ करोड र ब्याज भुक्तानी १४ अर्ब ८७ करोड रहेको छ।

सरकारले पूँजीगत खर्चको तुलनामा ऋण सेवामा अधिक खर्च गर्नुले सरकारको उत्पादकत्वको तुलनामा दायित्व व्यवस्थापनमा अधिक खर्च हुने गरेको देखिन्छ । जसलाई महालेखा परीक्षकको ६३औं प्रतिवेदनमा समेत गम्भीर चिन्ताका रुपमा उठाइएको छ । नेपालको अहिलेको सार्वजनिक ऋणको अवस्थालाई विज्ञहरु 'मुलुक धनी नहुँदै ऋणि' बनेको अवस्था मान्छन्। यसलाई व्यक्तिको जीवनसँग तुलना गर्दा ऋण तिर्न पुनः ऋण लिनुपर्ने दलदलमा फस्नु हो। अहिले मुलुकको अवस्था उस्तै बनेको छ।

अर्थ मन्त्रालयको तथ्यांक अनुसार पछिल्लो ७ वर्षमै सार्वजनिक ऋण झण्डै दोब्बरले बढेको छ । आर्थिक वर्ष २०७६/७७ सम्म मुलुकको ऋणभार १४ खर्ब ३३ अर्ब ४० करोड रुपैयाँ मात्र थियो। त्यसयता गुणात्मक वृद्धि भएको ऋणको भार अहिले ३० खर्ब नजिक पुगेको हो । ७ वर्ष अगाडि कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को ३८.०५ प्रतिशत मात्र रहेको सार्वजनिक ऋण अहिले बढेर ४५ प्रतिशत पुगेको हो।

बढ्दो सार्वजनिक खर्च, घट्दै गएको वैदशिक अनुदान र अपेक्षित राजस्व परिचालन नहुनु जस्ता कारणले सार्वजनिक ऋण निरन्तर बढ्दै गएको हो। विज्ञहरुका अनुसार उत्पादनमुलक र पूँजी वृद्धि हुने आयोजना छनोट, लगानीको प्रतिफलबाट ऋण तिर्न सक्ने अवस्था रहे जीडीपी बराबर नै ऋण लिए पनि जोखिम हुँदैन । तर, नेपालमा त्यस्तो हुन सकेको छैन।

२०८१ सालमा सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनले सार्वजनिक ऋणको संरचना मात्रा बढे अनुसार जीडीपी र राजस्व परिचालन बढ्न नसक्दा साँवा-ब्याज भुक्तानीको अनुपात बढ्दै गएको बताएको छ । प्रतिवेदनमा भनिएको छ-'सार्वजनिक ऋणको सही सदुपयोग नगर्ने हो भने र प्रतिफल नहुने हो भने देश ऋणको जालोमा पर्ने सम्भावना बढ्दै जाने छ।'

प्रतिवेदन अनुसार सावाँ-ब्याज भुक्तानीको दायित्व बढ्दै जाँदा शिक्षा, स्वास्थ्य, सुरक्षाजस्ता सरकारले गर्नुपर्ने अत्यावश्यक कामका लागि बजेट अभाव हुने गरेको छ । सोहीकारण सरकारी निकाय र विज्ञले ऋण परिचालन पूँजी निर्माण हुने क्षेत्रमा केन्द्रित गर्न सुझाव दिइरहेका छन्।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आन्तरिक ऋण चालु र प्रशासनिक खर्चमा परिचालन गर्न कडाइसाथ निषेध गर्न सिफारिस गरेको छ । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि संघ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋण सीमा तोक्दै आयोगले यस्तो सिफारिस गरेको हो । आयोगले हरेक वर्ष जस्तै आगामी आवका लागि समेत कुल गार्हस्थ उत्पादन (जीडीपी) को ५.५ प्रतिशतमा नबढ्ने गरी संघीय सरकारले आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी सीमा तोकेको छ। सोही सन्दर्भमा आन्तरिक ऋण परिचालनका लागि सुझाव दिँदै आयोगले प्रशासनिक र चालु खर्चमा कडाइसाथ निषेध गर्न भनेको हो।

'आन्तरिक ऋण उपयोग रोजगारीको अवसर सिर्जना गर्न सक्ने, दीर्घकालीन लाभ प्रदान गर्ने तथा पूँजी निर्माणमा योगदान गर्न सक्ने आयोजनाका लागि विनियोजन गर्ने, चालु र प्रशासनिक खर्चमा कडाइसाथ निषेध गर्ने।'- आयोगले भनेको छ। आयोगका अनुसार आव २०८१/८२ मा खुद आन्तरिक ऋण परिचालन जीडीपीको १.४१ प्रतिशतमात्र रहेको देखिएको छ । ऋण सेवा खर्च बढ्दै गएका कारण परिचालित अधिकांश आन्तरिक ऋण पुरानो ऋण भुक्तानीमा खर्च भएको हो। यस प्रवृत्तिका कारण पूँजी निर्माण हुने र अर्थतन्त्र विस्तारमा अपेक्षित योगदान पुग्न नसकेको आयोगको विश्लेषण छ । आयोगले आव २०७५/७६ र त्यसयता गरेको सिफारिसमा सरकारलाई पूँजी निर्माणमा खर्च गर्न भनेको छ। तर, नेपाल सरकारले कुन क्षेत्रमा आन्तरिक ऋण परिचालन भयो भन्ने विवरण सार्वजनिक गर्न सकेको छैन। सोहीकारण आयोगले भनेको छ, 'ऋण उपयोग र सुझाव कार्यान्वयन सम्बन्धी विश्लेषण हुन सकेको छैन।'

आयोगले आयोजनाहरूको लागत लाभ विश्लेषण, कुल वर्तमान मूल्य र आन्तरिक प्रतिफल दर विश्लेषण गरी प्रचलित पूँजीको लागतभन्दा वित्तीय आन्तरिक प्रतिफल दर बढी भएका नाफामूलक आयोजनामा आन्तरिक ऋण केन्द्रित गर्न भनेको छ। यसबाहेक आन्तरिक प्रतिफल दर बढी भएका सामाजिक क्षेत्रका आयोजनामा मात्र आन्तरिक ऋण उपयोग गर्नसमेत आयोगले भनेको छ। ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजना पहिचान, विकास र छनोट गर्दा अन्य विषयका अतिरिक्त आयोजना तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चित गर्न भनिएको छ।

उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पूँजी निर्माण हुने खालका पूर्वतयारी सम्पन्न भएका आयोजना/परियोजनामा मात्र आन्तरिक ऋण परिचालन गर्नसमेत आयोगले भनेको छ। तीन वटै सरकारले बजेट तर्जुमा गर्दा आयोजना/कार्यक्रमको स्रोतगत विवरण खण्डमा अनिवार्य आन्तरिक ऋण उल्लेख गर्नसमेत सुझाव दिइएको छ।

आयोगले सार्वजनिक ऋण व्यवस्थापन कार्यालय मार्फत तीन वटै तहबाट परिचालित आन्तरिक ऋण र समग्र सार्वजनिक ऋणको एकीकृत विद्युतीय सूचना व्यवस्थापन, लेखांकन र प्रतिवेदन प्रणालीको व्यवस्था मिलाउन समेत भनेको छ । साथै, त्यस्तो प्रणालीमा आयोगको पहुँच रहने गरी सुविधा दिन पनि भनिएको छ।

आन्तरिक ऋण परिचालनलाई भविष्यको राजस्व वर्तमानमा खर्च गरेसरह मानिने भन्दै आयोगले आन्तरिक आम्दानीबाट आन्तरिक ऋणको साँवा ब्याज भुक्तानी गर्न सकिने अवस्थामा पुग्न तीन तहका सरकारले सिफारिस भएको सीमा बमोजिमको आन्तरिक ऋण परिचालन र राजस्व सुधार कार्ययोजना बनाइ कार्यान्वयन गर्न आयोगले सुझाव दिएको छ।

उता, महालेखा परीक्षकको कार्यालयको ६३ औं वार्षिक प्रतिवेदनले समेत सार्वजनिक ऋण पूँजी निर्माणमा खर्च नभएको उल्लेख गरेको छ। यस्तो रकम कर्मचारी खर्च, सेवा तथा परामर्श र कार्यालय सञ्चालन जस्ता चालु शीर्षकमा समेत खर्च भएको भन्दै प्रश्न उठाएको छ । महालेखाका अनुसार बाह्य मौद्रिक प्रभावका कारण ऋण संरचना संवेदनशिल बनेको छ। विदेशी मुद्रामा हुने विनिमय जोखिम व्यवस्थापन गर्न सकिने वित्तीय उपकरणको परिचालन गर्न सकिनेतर्फ दृष्टिगत गरी उत्पादकत्व प्राप्त हुने क्षेत्रमा मात्र ऋण परिचालन गर्न समेत महालेखाले सुझाव दिएको छ।

अर्कोतर्फ महालेखाले कुल राजस्व असुली लक्ष्य भन्दा ८० प्रतिशत हाराहारी मात्र हुँदा आन्तरिक स्रोतमा चाप पर्ने गरेको प्रवृत्ति उल्लेख गरेको छ। ऋण सेवा (साँवा-ब्याज भुक्तानी)को बढ्दो दायित्वका कारण अन्य खर्चका लागि ऋणमा आश्रित हुनुपर्ने प्रवृत्ति बारे महालेखाले भनेको छ, 'चालु खर्चलाई वाञ्छित सीमामा राखी ऋण रकमलाई प्रतिफल दिने योजनामा परिचालन गर्ने गरी बजेट व्यवस्था गर्नुपर्छ।'

**चार बुँदे...**

स्थानीय तहमा सञ्चालन हुने समुदाय नेतृत्वका कार्यक्रमलाई सहयोग गर्दै स्थानीय उत्थानशिलता, आर्थिक न्याय र मानवीय गरिमा प्रवर्द्धन गर्नुपर्ने प्रतिबद्धता घोषणापत्रमा गरिएको छ।

**'लुम्बिनीको सन्देशलाई विश्वभर पुऱ्याऔँ'**

घोषणापत्रको 'कल टु एक्सन'मा विश्वका सरकार, अन्तर्राष्ट्रिय संस्था, नागरिक समाज, निजी क्षेत्र तथा आम नागरिकलाई लुम्बिनीबाट व्यक्त शान्तिको भावनालाई ठोस नीति र दैनिक व्यवहारमा रूपान्तरण गर्न आह्वान गरिएको छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दर्ता नं. १६०९०५ मा दर्ता भएको 'पाल्पा कालिका होमियोप्याथिक पोलिक्लिनिक प्रा.लि.' को मिति २०८३/०५/१७ मा सम्पन्न विशेष साधारण सभा तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०५/.... को निर्णय अनुसार कम्पनीको सम्पूर्ण दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने गरि उक्त कम्पनीको नाम 'पाल्पा कालिका होमियोप्याथिक क्लिनिक प्रा.लि.'(Palpa Kalika Homeopathic Clinic Pvt. Ltd) कायम गरिएकोले सोही व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।

## जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पा

### विषयः प्रमाणित सम्बन्धमा



श्री जो जससंग सम्बन्ध छ।

पाल्पा जिल्ला साविक बौघागुम्हा गा.वि.स. वडा नं. ६, तानसेन नगरपालिका वडा नं. १३ निवासी JC ६२९४०५L का भीम बहादुर साही (ना.प्र.मा भीम बहादुर राना) को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर भीम बहादुर राना जन्म मिति वि.सं. २०१३।२।१३ र पेन्सन अभिलेखमा नामथर भीम बहादुर साही जन्ममिति सन् १९५८।३।२९ र निजको श्रीमती दुम कुमारीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर दीन कुमारी राना जन्ममिति वि.सं. २०१५।१०।१४ र पेन्सन अभिलेखमा नामथर दुम कुमारी जन्ममिति सन् १९५६।९।४ रही नामथर फरक परेकोमा उपरोक्त फरक फरक नामथर भएका व्यक्ती एकै भएको व्यहोरा प्रमाणित गरि पाउ भनि यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित तानसेन नगरपालिका वडा नं. १३ को च.नं १४८/१४९ मिति २०८३/०५/२५ को सिफारिसपत्रबाट समेत लेखि आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागि प्रमाणित गरिएको छ।

प्रमुख जिल्ला अधिकारी

## जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पा

### विषयः प्रमाणित सम्बन्धमा



श्री जो जससंग सम्बन्ध छ।

पाल्पा जिल्ला साविक बौघागुम्हा गा.वि.स. वडा नं. ६, तानसेन नगरपालिका वडा नं. १३ निवासी JC ६२९४०५L का भीम बहादुर साही (ना.प्र.मा भीम बहादुर राना) को छोरा डालमनि (ना.प्र.मा डाल बहादुर राना) को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर डाल बहादुर राना जन्ममिति वि.सं. २०३७।३।१८ र पेन्सन अभिलेखमा नामथर डालमनि जन्ममिति सन् १९८१।६।१७ भएता पनि व्यक्ति एउटै भएको व्यहोरा तानसेन नगरपालिका १३ नं. वडा कार्यालयको च.नं. १५१ मिति २०८३/४/२५ को सिफारिस पत्रबाट लेखि आएको व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ।

प्रमुख जिल्ला अधिकारी

## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्रीको २१ (एक्काइस) दिने सूचना

**प्रकाशित मिति २०८३/०६/०८ गते बिहीबारको दैनिक लुम्बिनी**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जा विकास बैंकसंग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी विकास बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले विकास बैंकले विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५(पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितो जमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले सो ऋणकर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसीलमा उल्लेखित सम्पत्ति (घर जग्गा) जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा विकास बैंकको नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गरी विकास बैंकको लेना रकम असुल उपर गर्नको लागी यो २१(एक्काइस) दिने धितो लिलाम विक्री सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्ति (घर जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनि वा अन्य संगठित संघ/संस्थाले यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिनभित्र (सो दिन सार्वजनिक विदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रितपुर्वक बोलपत्र भरी यस विकास बैंकको केन्द्रीय कार्यालय, बुटवल तथा सम्बन्धित शाखा कार्यालयमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसील बमोजिमको सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली निति तथा अन्य प्रचलित ऐन कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै, कालो सुचिमा समाबेश गर्न बाकी ऋणी संचालक, प्रोपाइटर, साझेदार, जमानतकर्ता र नेपाल राष्ट्र बैंकको कालासुचि सम्बन्धी निर्देशन बमोजिम ऋणीसंग सम्बन्धीत अन्य पक्षहरुलाई तिनपुस्ते विवरण सहित कर्जा सुचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश गर्न सिफारिश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा समेत यसै सूचना द्वारा सूचित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउनु हुन समेत विशेष अनुरोध गरिन्छ।

**तपसिलः**

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय विजुवार)**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग प्रा.फ.र.नं १२४६/०६९/७० मिति २०७०/०३/११, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६००६९८८०१ मिति २०७०/०४/१० मा दर्ता भई प्यूठान जिल्ला विजुवार गा.वि.स वडा नं. ०६ स्थित **मोनिका ब्यूटी पार्लर एण्ड ट्रेनिङ सेन्टर**

**प्रोप्राइटरको विवरणः** रिखिराम थापा क्षेत्रीको बुहारी, केशवराज थापा क्षेत्रीको पत्नि, प्यूठान जिल्ला वर्जिवाङ गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल प्यूठान जिल्ला प्यूठान न.पा.वडा नं. ०४ बस्ने **मोनिका थापा क्षेत्री** (ना.प्र.नं. ५३-०१-६९-०२३४२, प्यूठान जारी मिति : २०६९/०७/०१).

**व्यक्तिगत धनजमानी/धितो जमानी दिनेहरुको विवरण**

१. विर बहादुर थापाको नाती, रिखिराम थापा क्षेत्रीको छोरा, प्यूठान जिल्ला वर्जिवाङ गा.वि.स वडा नं ०१ स्थायी ठेगाना भई हाल प्यूठान जिल्ला प्यूठान न.पा.वडा नं. ०४ बस्ने **केशव राज थापा क्षेत्री** (ना.प्र.नं.५३१०४२/३१७, प्यूठान, जारी मिति : २०६४/०६/०३)
२. रिखिराम थापा क्षेत्रीको बुहारी, केशवराज थापा क्षेत्रीको पत्नि, प्यूठान जिल्ला वर्जिवाङ गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल प्यूठान जिल्ला प्यूठान न.पा.वडा नं. ०४ बस्ने **मोनिका थापा क्षेत्री** (ना.प्र.नं. ५३-०१-६९-०२३४२, प्यूठान जारी मिति : २०६९/०७/०१).

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

रिखिराम थापा क्षेत्रीको बुहारी, केशवराज थापा क्षेत्रीको पत्नि, प्यूठान जिल्ला वर्जिवाङ गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल प्यूठान जिल्ला प्यूठान न.पा.वडा नं. ०४ बस्ने **मोनिका थापा क्षेत्री**को नाममा भूमी प्रशासन कार्यालय **प्यूठानमा** दर्ता श्रेस्ता कायम रहेको प्यूठान जिल्ला विजुवार गा.वि.स वडा न. ७ स्थित कि.न ३७४६ क्षेत्रफल ७८.०० (वर्ग.मि) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय सिद्धार्थनगर)**

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौमा दर्ता रहेको दर्ता न. ३२०९७५/०८०/०८१ मिति २०८०/०६/१७, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६१९७८४७२२ मिति २०८०/०६/१८ मा दर्ता भई रुपन्देही जिल्ला लुम्बिनी सांस्कृतिक न.पा वडा नं. १० स्थित **राघवि प्यालेस होटल प्रा.लि.**

**अ.प्रा.सञ्चालकको विवरणः** जगन्नाथ न्यौपानेको नाति, श्रीधर न्यौपानेको छोरा, नवलपरासी जिल्ला रजहर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला लुम्बिनी सांस्कृतिक न.पा वडा नं. १० बस्ने **बलराम न्यौपाने** (ना.प्र.नं. ३००८/७३८, नवलपरासी, जारी मिति : २०७०/०२/२२)

**व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण**

१. दुखी नेटुवाको नाति, विन्देशरी नेटुवाको छोरा, नवलपरासी जिल्ला रामग्राम न.पा.वडा नं. ०७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं. ०७ बस्ने **फागु राठौर** (ना.प्र.नं. ५५९७३, नवलपरासी, जारी मिति : २०५७/०६/०१)
२. जगन्नाथ न्यौपानेको नाति, श्रीधर न्यौपानेको छोरा, नवलपरासी जिल्ला रजहर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला लुम्बिनी सांस्कृतिक न.पा वडा नं. १० बस्ने **बलराम न्यौपाने** (ना.प्र.नं. ३००८/७३८, नवलपरासी, जारी मिति : २०७०/०२/२२)
३. टेक बहादुर भण्डारीको नाति, हिम बहादुर भण्डारीको छोरा, चितवन जिल्ला गितानगर गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर उ.म.न.पा.वडा नं. ०८ बस्ने **लक्ष्मण भण्डारी** (ना.प्र.नं. ५४६६ चितवन, जारी मिति : २०५३/०९/०२)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

टेक बहादुर भण्डारीको नाति, हिम बहादुर भण्डारीको छोरा, चितवन जिल्ला गितानगर गा.वि.स वडा नं. ०८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर उ.म.न.पा.वडा नं. ८ बस्ने **लक्ष्मण भण्डारी**को नाममा भूमी प्रशासन कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला गीतानगर गा.बि.स. वडा न. ८क स्थित कि.न १७१७ को क्षेत्रफल २३०२.४८ वर्ग मिटरको जग्गा र सो जग्गामा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय वामी)**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, गुल्मी लघु उद्यम दर्ता नं. २९०४/०७४/७५ मिति २०७४/०४/०९, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६०६२८२४२० मिति २०७४/०४/०९ मा दर्ता भई गुल्मी जिल्ला मुसिकोट न.पा.वडा नं. ०६, स्थित **मालिका एन ए एन सुनचाँदी गृह।**

**प्रोप्राईटरको विवरण** : शंके सुनारको नाती, सुने सुनारको छोरा, गुल्मी जिल्ला तम्घास गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल गुल्मी जिल्ला मुसीकोट न.पा.वडा नं. ६ बस्ने **गोविन्द सुनार** (ना.प्र.नं. २५०९१, गुल्मी जारी मिति : २०५८/१२/२२).

**व्यक्तिगत धनजमानी/ धितो जमानी दिनेहरुको विवरण**

१. शंके सुनारको नाती, सुने सुनारको छोरा, गुल्मी जिल्ला तम्घास गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल गुल्मी जिल्ला मुसीकोट न.पा.वडा नं. ६ बस्ने **गोविन्द सुनार** (ना.प्र.नं. २५०९१, गुल्मी जारी मिति : २०५८/१२/२२).
२. सुने सुनारको बुहारी, **गोविन्द सुनार**को पत्नी, गुल्मी जिल्ला तम्घास गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल गुल्मी जिल्ला मुसीकोट न.पा.वडा नं. ६ बस्ने **प्रतिमा सुनार** (ना.प्र.नं. ४११००१/८२६९९, गुल्मी जारी मिति : २०६६/०७/२०).

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

शंके सुनारको नाती, सुने सुनारको छोरा, गुल्मी जिल्ला तम्घास गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल गुल्मी जिल्ला मुसीकोट न.पा.वडा नं. ६ बस्ने **गोविन्द सुनार**को नाममा भूमी प्रशासन कार्यालय गुल्मीमा दर्ता श्रेस्ता कायम रहेको गुल्मी जिल्ला तम्घास गा.वि.स.वडा न. ७ स्थित कि.न १५२८ को क्षेत्रफल ०-३-२-३ (रोपनी) र गुल्मी जिल्ला तम्घास गा.वि.स.वडा न. ८ स्थित कि.न २७१७ को क्षेत्रफल क्रमश ०-२-१-१ (रोपनी) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सुचना प्रकाशित गरिएको हो।**

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.

**केन्द्रीय कार्यालय**
बुटवल-११, कालिकानगर, रुपन्देही
फोनः ०७१-४१५५०२/४१५५०३
E-mail:info@srdb.com.np,URL:www.srdb.com.np

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# हिउँदे तरकारीको बिउ वितरण



अर्घाखाँची । अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-७ ले आर्थिक वर्ष २०८३/८४ का लागि वडाका किसानलाई हिउँदे तरकारीका विभिन्न जातका बिउ वितरण गरेको छ । सन्धिखर्क नगरपालिका वडा न ७ आयोजनामा गरिएको बिउ वितरण कार्यक्रममा वडाका सबै किसानलाई लक्षित गरी हिउँदे तरकारीका बिउ उपलब्ध गराइने वडाध्यक्ष चुराबहादुर केसीले जानकारी दिए ।

अध्यक्ष केसीका अनुसार किसानलाई आफ्नै खेतबारीमा तरकारी उत्पादन गर्न प्रोत्साहित गर्ने उद्देश्यले वडाले बिउ वितरण गरेको बताउँदै कृषिको उत्पादकत्वमा वृद्धि, आत्मनिर्भर गराउनको लागि किसानलाई ५० प्रतिशत लागत साझेदारीमा बिउ वितरण गरेको बताउँदै अध्यक्ष केसीले आफू निर्वाचित भईसकेपछि यस्ता कार्यक्रमलाई निरन्तरता दिएको बताए ।

वडा कार्यालयबाट यश मुला, प्याज, केराउलगायतका हिउँदे तरकारीका बिउ वितरण गरिएको वडा सचिव सीता बिसि पराजुलीले जानकारी दिइन् । वडाका किसानलाई आवश्यकताअनुसार बिउ उपलब्ध गराइएको उनले बताइन् ।

हिउँदे मौसममा उत्पादन हुने तरकारीको खेतीलाई प्रोत्साहन गर्दै किसानलाई घरायसी उपभोगसँगै व्यावसायिक उत्पादनतर्फ आकर्षित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको वडा कार्यालयले जनाएको छ ।

स्थानीयस्तरमै तरकारी उत्पादन बढाउन सके बाहिरी क्षेत्रबाट तरकारी खरिद गर्नुपर्ने अवस्था कम हुने तथा किसानको आम्दानीमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै, आफ्नै खेतबारीमा उत्पादन भएको ताजा तरकारी उपभोग गर्न पाउने भएकाले यसले स्थानीय उत्पादन र आत्मनिर्भरतालाई समेत टेवा पुर्‍याउने सन्धिखर्क नगरपालिका कृषि शाखा प्रमुख रामबहादुर केसीले बताए ।

वडाले किसानलाई बिउ उपलब्ध गराउनुका साथै आगामी दिनमा कृषि उत्पादन वृद्धि, किसानको क्षमता अभिवृद्धि तथा स्थानीयस्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# अख्तियारमा पाल्हीनन्दनका उजुरी धेरै

**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा सबैभन्दा धेरै पाल्हीनन्दन गाउँपालिकाको अख्तियारमा उजुरी परेको छ । गाउँपालिकाको काम कारबाहीको विषयलाई लिएर सबैभन्दा धेरै पाल्हीनन्दन गाउँपालिकाको उजुरी परेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलले जनाएको छ । जिल्लामा सात वटा स्थानीय तह रहेका छन् ।

सात वटा स्थानीयमध्ये सबैभन्दा बढी आर्थिक वर्ष २०८३/०८४ असोज ५ गतेसम्म पाल्हीनन्दन गाउँपालिकाविरुद्ध २८ वटा उजुरी परेको अख्तियार दुरुपयोग आयोग बुटवलकी उप-सचिव तुल्सा गैरेले जानकारी दिइन् ।

जसमा ८ वटा उजुरी फछ्र्यौट भएको छन् भने २० वटा फछ्र्यौट हुन बाँकी रहेको गैरेले बताइन् । सुनवल नगरपालिकामा १४ उजुरी परेकोमा ३ वटा फछ्र्यौट भएकोमा फछ्र्यौट हुन बाँकी ११ वटा रहेको र बर्दघाट नगरपालिका ८ उजुरी परेकोमा १ वटा फछ्र्यौट भएको ६ वटा फछ्र्यौट हुन बाँकी रहेको अख्तियार दुरुपयोग जनाएको छ ।



रामग्राम नगरपालिकामा ६ वटा उजुरी परेकोमा १ वटा उजुरी फछ्र्यौट भएको जसमध्ये ५ फछ्र्यौट हुन बाँकी रहेको र प्रतापपुर गाउँपालिकामा ८ वटा उजुरी परेकोमा २ वटा फछ्र्यौट भएको ६ वटा उजुरी फछ्र्यौट हुन बाँकी रहेको र जिल्लाको सबैभन्दा कम सरावल गाउँपालिकामा २ वटा उजुरी परेकोमा १ वटा फछ्र्यौट भएको जसमध्ये १ वटा उजुरी फछ्र्यौट हुन बाँकी रहेको अख्तियार जनाएको छ ।

सुस्ता गाउँपालिकामा ५ वटा उजुरी परेको छ भने १ वटा उजुरी फछ्र्यौट भएको जसमा ४ वटा फछ्र्यौट हुन बाँकी रहेको छ । जिल्ला नवलपरासी पश्चिममा गत वर्ष २५ दर्ता र यस आर्थिक वर्ष २०८३/०८४ मा ४६ वटा गरी ७१ उजुरी दर्ता अख्तियार परेको छ । जसमध्ये १८ वटा फछ्र्यौट भएको छ भने ५३ फछ्र्यौट हुन बाँकी रहेको अख्तियारले जनाएको छ ।

उजुरी प्रकृति हेर्दा विकास निर्माण गुणस्तर, लेनदेन विद्यालयमा शैक्षिक प्रमाणपत्र विषय दिवा खाजा, कर्मचारी भर्ना, उपभोक्ता समिति, कामको गुणस्तर लगायतका प्रकृतिका उजुरीहरू पर्ने गरेको अख्तियारले जनाएको छ ।

# ‘व्यवसायमैत्री वातावरण बनाउन मिलेर अघि बढौं’



बुटवल । रूपन्देही व्यापार संघले हालै सम्पन्न विभिन्न व्यवसायिक संघसंस्थाका अधिवेशनबाट निर्वाचित नयाँ नेतृत्व तथा पदाधिकारीलाई स्वागत तथा सम्मान गरेको छ । संघले बुधबार आयोजना गरेको स्वागत, सम्मान तथा परिचयात्मक कार्यक्रममा नेपाल औषधी व्यवसायी संघ रूपन्देहीको तेस्रो अधिवेशन तथा सैनामैना व्यापार संघको छैठौँ अधिवेशनबाट निर्वाचित नयाँ नेतृत्व तथा पदाधिकारीलाई स्वागत तथा सम्मान गरिएको हो ।

कार्यक्रममा रूपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले व्यवसायीबिचको आपसी सहकार्य, समन्वय र एकताले व्यापारिक क्षेत्रका समस्या समाधान गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए । विभिन्न क्षेत्रका व्यवसायी संघसंस्थाबिच सहकार्य र अनुभवआदान-प्रदानलाई थपप्रभावकारी बनाउँदै व्यवसायमैत्री वातावरण निर्माणका लागि संयुक्त रूपमा अघि बढ्नुपर्ने उनले बताए ।

नयाँ नेतृत्वलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै अध्यक्ष ढकालले व्यापार व्यवसायको विकाससँगै व्यवसायीहरूले सामाजिक उत्तरदायित्व बहन गर्न पनि सक्रिय हुनुपर्नेमा जोड दिए । उनले व्यवसायीका साझा समस्या पहिचान गरी सम्बन्धित निकायसँग समन्वय गरेर समाधानका लागि पहल गर्नुपर्ने बताउँदै व्यवसायीबिचको एकता र सहकार्यलाई थप मजबुत बनाउन रूपन्देही व्यापार संघले निरन्तर भूमिकानिर्वाह गर्ने उल्लेख गरे ।

कार्यक्रममा नेपाल औषधी व्यवसायी संघ रूपन्देहीका नवनिर्वाचित अध्यक्ष पुरुषोत्तम भट्टराईले सम्मान तथा स्वागतका लागि रूपन्देही व्यापार संघप्रति आभार व्यक्तगर्दै औषधी व्यवसायलाई व्यवस्थित, मर्यादित र जिम्मेवार बनाउन आफ्नो नेतृत्वले प्राथमिकताका साथ काम गर्ने बताए । उनले व्यवसायीका साझा समस्या समाधानका लागि अन्य व्यावसायिक संघसंस्थासँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

त्यस्तै, सैनामैना व्यापार संघका नवनिर्वाचित अध्यक्ष देविदत्त सुवेदीले व्यवसायीबिचको एकता र सहकार्य नै व्यापारिक क्षेत्रको विकासको आधार भएको बताए । उनले सैनामैनाका व्यवसायीका समस्या तथा आवश्यकताका विषयमा सम्बन्धित निकायसँग समन्वय गरी समाधानका लागि पहलगर्ने बताउँदै रूपन्देहीका व्यापारिक संघसंस्थाबिचको सम्बन्धलाई थप मजबुत बनाउने धारणा राखे ।

कार्यक्रममा रूपन्देही व्यापार संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारीले व्यवसायीहरूबिच परिचय, अनुभव र विचार आदान-प्रदानले आपसी सम्बन्धथप सुदृढ हुने बताए । उनले नयाँ नेतृत्वलाई सफल कार्यकालको शुभकामना दिँदै व्यवसायीका साझा सवालमा सबै संघसंस्था एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए । संघका द्वितीय उपाध्यक्ष मनहरि बस्यालले व्यापारिक क्षेत्रको विकासका लागि स्वस्थ प्रतिस्पर्धासँगै आपसी सहकार्य आवश्यक रहेको बताए ।

उनले नयाँ नेतृत्वसँग सहकार्य गर्दै व्यवसायीका हकहित तथा व्यावसायिक वातावरण सुधारका विषयमा संघले निरन्तर पहल गर्ने बताए । कार्यक्रममा दुवै संघका नवनिर्वाचित पदाधिकारी तथा रूपन्देही व्यापार संघका पदाधिकारी एवं सदस्यहरूको सहभागिता रहेको थियो । रुपन्देही व्यापार संघका महासचिव प्रकाशराज पौडेलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

**Lumbini Province Government**

**Ministry of Urban Development, Energy, Irrigation and Water Supply**

## Water supply and Sanitation Office

**Tansen, Palpa**

# Invitation for Bid

**(First date of publication: Ashwin 8, 2083 (September 24, 2026)**

1. Water Supply and Sanitation Office, Palpa invites open National Competitive Bidding (NCB) from eligible bidders for following works

| S.N | Invitation for Bid (IFB) No. | Description | Estimated Amount (Without VAT including PS) NRs. | Price of Bid Document | Bid Validity Period Total (from bid opening date) | Bid Security /Bid Bond | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/083-84/wssopalpa | Supply and delivery of HDPE pipe | 1,63,45,871/- | NRS. 3000 | 90 days | 4,90,000/- | SSSE |
| 2 | 02/083-84/wssopalpa | Supply, Installation, Testing and commissioning of water treatment Units | 91,53,562/- | NRS. 3000 | 90 days | 2,74,000/- | SSSE (with qualification) |

2. Information to deposit the cost of bidding document and bid security in the bank

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | Name of office | Water Supply and Sanitation Office Palpa | 6 | Office Code No. | 3470250015 |
| 2 | Name of Bank | Rastriya Banijya Bank Ltd Tansen Palpa | 7 | Pre-Bid Meeting | October 2, 2026, 1:00 PM |
| 3 | Revenue Account No. | 1000100200010000 | 8 | Last Date of Bid-document purchase | October 14, 2026, 5:00 PM |
| 4 | Revenue Code No. | 14229 | 9 | Last Date of Bid Submission | October 15, 2026, 12:00 PM |
| 5 | Deposit Account No. & Name of office | 3030100202030000, Province Treasury Controller Office Palpa | 10 | Date of Bid Opening | October 15, 2026, 1:00 PM |

3. Bidding Documents may be purchased from Water Supply and Sanitation Office, Palpa and District Administration Office Palpa by eligible Bidders on the submission of application, along with the copy of company/firm registration certificate, manufacturer's authorization letter (for IFB 01/083-84/wssopalpa) and deposit voucher of Rs 3000/- in revenue account mentioned above
4. For IFB 02/083-84/wssopalpa, Bidder along with bid must submit a work completion certificate (experience certificate) of Supply and Installation of Pressure Filter of size mentioned in bid document.
5. Any conditions so far not covered shall be as per Prevailing Public Procurement Act, 2063 and Prevailing Public Procurement Regulation, 2064. The full authority to accept or reject the bid shall remain vested in the office.
6. Amendments and any other information related to bid shall be published in office web site wssopalpa.lumbini.gov.np

**Office Chief**

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com